प्रस्ताव नं.- १ : आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं.- २ : बेरुजु समपरीक्षण सम्बन्धमा ।

प्रस्ताव नं.-३ :आ.व.२०८०।०८१ को यर्थात आम्दानी र खर्च समर्थन तथा अख्तियारी सम्बन्धमा ।

प्रस्ताव नं.-४ : आ.व. २०७९।०८० को खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.-५: न.पा.को लागि कार्यरत करार जनशक्तिको म्याद थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-६ : आवश्यक जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-७ : विज्ञ राख्ने सम्बन्धमा ।

प्रस्ताव नं.-८ : ऐन नियम र कार्यविधि पारित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-९ : दररेट सम्बन्धमा ।

प्रस्ताव नं.-१० : वित्तिय हस्तान्तरणको रकम फिर्ता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-११ : नगरसभामा उपस्थित पदाधिकारी र कर्मचारीहरुको बैठक भत्ता र वडा कार्यालय संचालन दिने सम्बन्धमा ।

प्रस्ताव नं.- १२ : कृषि विधुतिकरण सम्बन्धमा ।

प्रस्ताव नं.-१३ : बलरा नगरपालिका को निर्वाचित तथा मनोनित पदाधिकारीहरुको सेवा सुविधा दिने सम्बन्धमा ।

प्रस्ताव नं.- १४ : आ.व.२०८०।०८१ को योजना कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं.- १५ : कार्यालय प्रमुख को आवास तथा यातायात सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.- १६ : स्थानीय प्रोत्साहन भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.- १७ : कन्टिजेन्सी कट्टी सम्बन्धमा ।

प्रस्ताव नं.- १८ : बलरा न.पा. को आन्तिरक स्रोत सम्बन्धमा ।

प्रस्ताव नं. -१९: प्रशासकिय भवन निर्माण सम्बन्धमा ।

प्रस्ताव नं.- २०: कार्यसंचालन कोषको रकम सम्बन्धमा ।

प्रस्ताव नं.- २१ : कार्यसंचालन कोषका लागि प्राप्त हुने अनुदान रकमको सम्बन्धमा ।

प्रस्ताव नं.- २२ : आन्तरिक लेखापरिक्षण तथा अन्तिम लेखापरिक्षण सम्बन्धमा र समपरीक्षण सम्बन्धमा ।

प्रस्ताव नं.२३ लिम्पी स्कीन डिजिजबाट प्रभावित कोषको क्षतिपुर्तिको लागि केन्द्र र प्रदेश सरकार संग माग सम्बन्धमा ।

प्रस्ताव नं.२४ उप-प्रमुखको यातायात सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.-२५ : साझेदारीमा बारुणयन्त्र खरिद गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-२६ : सुदामा सिंचाई (ब्यारेजलाई बागमति सिंचाई आयोजनामा समायोजन गरिदिने सम्बन्धमा ।

प्रस्वाव नं.-२७ : सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-२८ : नगरपालिका भित्रका विद्यालयहरुको शिक्षक दरबन्दी मिलान सम्बन्धमा ।

प्रस्ताव नं.-२९ : PHC लाई नगर अस्पताल नामाकन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.- ३० : स्मार्ट सिटी को लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.- ३१ :ऋण लिने र शेयर लगानी सम्बन्धमा ।

प्रस्ताव नं.- ३२ : विभिन्न समितिको बैठक भत्ता सम्बन्धमा ।

प्रस्ताव नं.-३३ : शिक्षक नियुक्ति तथा बालबिकास सहयोगी कार्यकर्ताको प्रोत्साहन सम्बन्धमा ।

प्रस्ताव नं.-३४ : भारतीय दुतावासको सहयोगमा निर्माणाधिन संरचनाहरुको पूर्णता दिने सम्बन्धमा ।

प्रस्वान नं. -३५ : प्राविधिक सहायकहरुको स्तर वृद्धि गर्ने सम्बन्धमा ।

प्रस्वान नं.- ३६ : आर्थिक विधेयक र विनियोजन विधेयक सम्बन्धमा ।

प्रस्ताव नं.-३७ : दलित आवासिय विद्यालय संचालन सम्बन्धमा ।

प्रस्ताव नं.-३८ : गढीमाई मन्दिरलाई स्थानिय पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-३९ : प्राविधिक विद्यालय माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-४० : त्रि.वि.संग को सहकार्यमा आङ्गीक कलेज संचालनको लागि प्रस्ताव प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-४१ : बागमति नदीले कटान गरेको क्षेत्रमा केरा खेती र सोहजन खेतीको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-४२ : नगर उज्यालो अभियान अन्तर्गत सोलार लाईट जडान सम्बन्धमा ।

प्रस्ताव नं.-४३ : साक्षर पालिका घोषणा सम्बन्धमा ।

प्रस्ताव नं.-४४ : डिजिटल पालिका घोषणा गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.-४५ : नगर प्रहरी भर्ना सम्बन्धमा ।

प्रस्ताव नं.- ४६ : १५ बेड होस्पीटलको लागि जग्गा प्राप्ती सम्बन्धमा ।

प्रस्ताव नं.४७ गत आ.व.को २०७९/८० मा प्राप्त विशेष तथा समपुरक अनुदान सम्बन्धमा ।

प्रस्ताव नं.४८ आ.व.२०८०।०८१ को बजेट कार्यक्रम र योजना स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णय नं.-१** : नगरप्रमुखले मिति २०८० असार १० गतेका दिन नगरसभा बैठकमा प्रस्तुत गर्नुभएको अगामी आर्थिक वर्ष २०८०/०८१ को यस बलरा नगरपालिकाको नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२** : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस बलरा नगरपालिकाको हाल सम्मको अनियमित बेरुजुलाई आवश्यक कागजात र प्रकृयाको आधारमा फरछौट गरी नियमित गर्ने र असुल उपर गर्नुपर्ने बेरुजु रकम लाई असुलउपर गराउने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.-३** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०।०८१ को यस बलरा नगरपालिकाको यथार्त आम्दानी र खर्च समर्थन गरी प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं.४ माथि छलफल गर्दा यस बलरा नगरपालिकाको आ.व. २०७९।०८० मा योजना तथा कार्यक्रम संचालन भई प्राविधिक समस्याले भुक्तानी हुन बाँकी रहेको योजना तथा कार्याक्रमको भुक्तानी गर्न निर्णय गरी पारित गरियो ।

**निर्णय नं.-५** : प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व.२०७९/८० मा करारमा रहेका कर्मचारीहरुको कार्यसम्पादन, मुल्यांकनको आधारमा म्याद थप गर्ने सम्बन्धमा निर्णय गरी पारित गरियो ।

**निर्णय नं.-६** : प्रस्ताव नं.६ माथि छलफल गर्दा आ.व.२०७९/८० मा गरीएको विज्ञापनलाई निरन्तरता दिई आवश्यक सम्पुर्ण प्रकृया पुरा गरी करारको जनशक्ती पदपुर्ति गर्न निर्णय पारित गरियो ।

**निर्णय नं.-७** : प्रस्ताव नं.७ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४को दफा ८३ को उपदफा ७ अनुसार यस नगरपालिकामा प्रशासनिक, कानूनी तथा अन्य विषयक विज्ञ राख्ने निर्णय गरी पारित गरियो ।

निर्णय नं. -८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको कार्य सम्पादन प्रभावकारी र व्यवस्थित बनाउन, तयार पारिएको तपसिल अनुसारको ऐन, नियम र कार्यविधि पारित गरियो ।

तपसिल :

१. आपङ्गता कार्यविधि २) एकिकृत सम्पति कर व्यवस्थापन कार्यविधि

३) कन्टिजेन्सी कार्यविधि ( राजश्व संकलन तथा आयोजना व्यवस्थापन ) ४. घर जग्गा बहाल कर ऐन ५) धार्मिक तथा साँस्कृतिक क्षेत्र विकास संचालन निर्देशिका

६) मालपोत ऐन ७) सहकारी संस्था संचचालन अनुगमन ऐन ८) हाट बजार संचालन तथा व्यवस्थपन कार्यविधि ९) सार्वजनिक निजि साँझेदारी योजना संचालन तथा व्यवस्थापन निर्देशिका १०)आयोजना कार्यान्वयन, अनुगमन जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि ११) कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका १२) स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नबीकरण सम्बन्धी निर्देशिका १३) सुशासन ( व्यवस्थापन तथा संचालन ) ऐन १४) अन्तर सरकारी वित व्यवस्थापन ऐन १५) वातावरण संरक्षण ऐन १६) सार्वजनिक खरिद नियमावली १७) स्थानीय कर्मचारी सेवा ऐन १८) शिक्षा नियमावली २०७८(पहिलो संशोधन) १९) सहकारी नियमावली २०७८ (२०) शिक्षक अनुदान व्यवस्थापित कार्यविधि २०७९ (२१) स्वयसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०७९

निर्णय नं. ९- : प्रस्ताव नं. ९माथि छलफल गर्दा यस बलरा नगरपालिका भरि लागु हुने निर्माण सामाग्री माल समान ढुवानी र मेसिन उपकरणको भाडा दररेट सर्लाही जिल्लाले यस आ.व.मा निर्धारण गरेको दररेट बमोजिम हुनेछ । र उल्लेख नभएका निर्माण सामाग्रीको हकमा बाजार भाउको आधारमा दरभाउ कायम गर्न सकिन्छ तथा अन्य जिल्लाको दरमा ढुवानी थप गरि दररेट कायम हुनेछ भनी निर्णय गरीपारित गरियो ।

निर्णय नं. -१० : प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकामा संघीय सरकार र प्रदेश सरकार बाट भएको वित्तिय हस्तान्तरण (अनुदान) मध्ये

आ.व.२०७८।०७९ मा खर्च नभई बाँकी रहेका रकम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धीत प्रदेश संचित कोष र संघीय संचीत कोषमा फिर्ता गर्ने निर्णय गरी पारित गरियो ।

निर्णय नं. -११ : प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस न.पा. को ११ औं नगरसभामा सहभागी पदाधिकारी तथा सदस्यहरुको सहभागी वापतका भत्ता मधेश प्रदेश सरकारले जारी गरेका स्थानिय सदस्य पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धि ऐन २०७७ बमोजिम नगरपालिकाको सदस्यले पाउने बैठक भत्ता बराबरको रकम भत्ता दिने ।

निर्णय नं. -१२ : प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस नगरपालिका भित्रका कृषकहरुलाई सिचाईमा पहुच वृद्धी गर्न कृषि उत्पादकत्व बढाउन सिचाईको लागि कृषि विधुतीकरण गर्न पालिकाले प्रदेश र केन्द्र सरकार संगको साझदारीमा कृषि विधुतिकरण गर्ने र किसानहरुलाई निःशुल्क सिचाई सुविधा पुऱ्याउने निर्णय पारित गरियो ।

निर्णय नं. -१३ : प्रस्ताव नं. माथि छलफल गर्दा यस नगरपालिकाको निर्वाचित तथा मनोनित पदाधिकारीहरुको प्रदेश सभा को ऐन , नियम तथा कार्यविधि अनुसार यस न.पा. बाट सेवा सुविधा दिने निर्णय गरी पारित गरियो ।

निर्णय नं. -१४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकामा उपभोक्ता समिति वा अन्य प्रक्रिया मार्फत कार्यान्वयन हुन सक्ने प्रकृतिका योजनाहरु कार्यानवयनका लागि निश्चित अवधिको सूचना दिई न.पा. द्वारा वडा समितिको सिफारिसमा उपभोक्ता समिति गठन गर्ने, संझौताको लागि जानकारी दिने र तोकिएको अवधिमा संझौता गर्न नआएमा अन्य व्यवस्थाद्वारा नगर कार्यपालिकाबाट कार्यान्वन गर्ने निर्णय गरी पारित गरियो ।

निर्णय नं.: १५ : प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस कार्यालयको कार्यालय प्रमूखलाई आवास सुविधा उपलब्ध गराउने निर्णय गरी पारित गरियो ।

निर्णय नं. -१६ : प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस कार्यालयको स्थानिय निकायमा अविछिन्न रुपमा कार्यरत कर्मचारीहरु लाई कार्यक्षमता कार्यदक्षता र

कार्यमूल्याकनको आधारमा तलब को २५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराईने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -१७ :** प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस नगरपालिका र वडा कार्यालयबाट संचालन हुने विकास निर्माण का योजनाहरुबाट कन्टीजेन्सी रकम वापत ३ प्रतिशत कट्टा गरिने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.: १८** प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस बलरा नगरपालिका भित्रका पोखरी, पसल व्यवसाय र अन्य व्यवसायहरुलाई व्यवस्थापन गरी आन्तरीक स्रोत वढाउने निर्णय गरियो ।

**निर्णय नं. १९ :** प्रस्ताव नं. १९ माथि छलफल गर्दा आ.व.२०८०/८१ मै यस न.पा.को प्रशासकीय भवन निर्माणको लागि सम्पुर्ण प्रकृया पुरा गरी अगाडी बढाउने निर्णय पारित गरियो ।

**निर्णय नं.२० :** प्रस्ताव नं. २० माथि छलफल गर्दा यस नगरपालिका को कार्यसंचालन कोष अन्तर्ग रहेका प्रकोपव्यवंस्थपन खाता नं ३४२२०५००४४३५६०११ ( स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता ) मा रहेका मौज्दात रु ९३७४८०।- ( एन आई सि एसिया बैंक को स्टेटमेन्ट अनुसार)लाई खर्च शिर्षकमा विनियोजन गरी दैवी प्रकोप बाट क्षति भएको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.२१ :** प्रस्ताव नं. २१ माथि छलफल हुँदा संघ सरकार र प्रदेश सरकार बाहेक अन्य निकायबाट प्राप्त हुने बजेट सम्बन्धीत बैंक खातामा दाखिला गरी सो बजेट बमोजिम को कार्यक्रम, योजना कार्यपालिका बाट स्वीकृत गराईखर्च गर्न पाइने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.२२ :** प्रस्ताव नं. २२ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७७०७८ को लेखापरिक्षण र अन्तिम लेखापरिक्षण हाल सम्म नभएकोले सो आ.व.को म.लि.नि.का लाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. -२३ :** प्रस्ताव नं. २३ माथि छलफल गर्दा यस लिम्पी स्कीन डिजिजबाट प्रभावित सर्वसधारणका लागि केन्द्र र प्रदेश सरकार संग क्षतीपुर्ति अनुरोध गर्न निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -२४ :** माथि छलफल गर्दा यस बलरा न.पा.को नगर उप-प्रमुखको यातायात सुविधा दिने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -२५ :** प्रस्ताव नं. २५ माथि छलफल गर्दा बारुणयन्त्र खरीदका लागि यस पालिका र यसै पालिकाको सिमाना जोडिएको पालिका संग साझेदारीमा बारुणयन्त्र खरीद गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. -२६ :** प्रस्ताव नं. २६ माथि छलफल गर्दा यस न.पा.मा कृषि सिंचाईको सुविधा पर्याप्त नरहेको र एक मात्र सम्भाव्यताको रुपमा रहेको सुदामा ब्यारेजलाई व्यवस्थित गरि सम्पुर्ण न.पा.भरी सिंचाई सुविधा पुर्‍याउन सकिने एकमात्र सम्भाव्यता रहेकोमा यसको विस्तृत सम्भाव्यता अध्ययन, अनुसन्धान गरीयो र त्यसैको आधारमा सुदामा ब्यारेजलाई बागमति सिंचाई आयोजनामा सामायोजन गरि दिन बागमति सिंचाई आयोजनालाई सिफारिस गरि पठाउने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -२७ :** प्रस्ताव नं. २७ माथि छलफल गर्दा यस पालिका भित्रका सार्वजनिक जग्गाको संरक्षण गर्नको लागि आवश्यक कार्यविधि तथा मापदण्ड बनाई संरक्षण गर्ने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -२८ :** प्रस्ताव नं. २८ माथि छलफल गर्दा यस नगरपालिका भित्र रहेका विद्यालयहरुको दरबन्दी पुनरावलोकन गरी मिलान गरिने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -२९ :** प्रस्ताव नं. २९ माथि छलफल माथि छलफल गर्दा PHC को स्तरोन्नती गरी बलरा नगर अस्पतालको रुपमा नामाकरण गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. -३० :** प्रस्ताव नं. ३० माथि छलफल गर्दा यस बलरा नगरपालिका लाई स्मार्ट सिटिको रुपमा विकास गर्न विस्तृत अध्ययन अनुसन्धान सहितको प्रस्ताव सहरीविकास मन्त्रालयमा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. -३१ :** प्रस्ताव नं. ३१ माथि छलफल गर्दा नगरपालिकाको लागि आवश्यक परेको खण्डमा ऋण लिने र शेयर लगानी गर्ने सम्बन्धी अधिकार नगरपालिकालाई दिने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -३२ :** प्रस्ताव नं. ३२ माथि छलफल गर्दा मधेश प्रदेश सरकार बाट जारी भएको स्थानीय तह पदाधिकारीको सेवा सुविधा कार्यविधि २०७७ अनुसार विभिन्न समितिको बैठक भत्ता दिने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -३३ :** प्रस्ताव नं. ३३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. १ देखि ११ सम्मका विभिन्न विद्यालयहरुमा नियमानुसार करारमा शिक्षक भर्ना गर्ने तथा बालबिकास सहयोगी कार्यकर्ता,विद्यालय सहयोगी,विद्यालय कर्मचारीहरुको तलब भत्तामा मासिक रु.२०००।-(दुई हजार) थप्ने निर्णय गरी पारित गरियो ।

**निर्णय नं. -३४ :** प्रस्ताव नं. ३४ माथि छलफल गर्दा भारतीय दुतावासको सहयोगमा निर्माणाधिन श्री सुधा राजेश्वर माध्यमिक विद्यालय बलरा न.पा. ११ को विद्यालय भवन तथा विभिन्न वडाहरुमा निर्माणाधिन अवस्थामा रहेको सामुदायिक भवनहरुलाई पूर्णता दिन भारतीय दुतावास लैनचौर काठमाडौं लाई अनुरोध गर्ने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.३५ :** प्रस्ताव नं.३५ माथि छलफल गर्दा यस बलरा नगरपालिकामा कार्यरत रहेका प्राविधिक सहायकहरुलाई ऐन कार्यविधि बनाई प्रचलित ऐन कानुन अनुसार पद स्तरोन्नी गर्ने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.३६ :** प्रस्ताव नं.३६ माथि छलफल गर्दा आ.व. २०८०।०८१ को आर्थिक विधेयक र विनियोजन विधेयक पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७ :** प्रस्ताव नं.३७ माथि छलफल गर्दा यस बलरा नगरपालिका वडा नं.६ अन्तर्गत रहेका श्री प्राथमिक विद्यालय माठटोलको स्तरोउन्नती गरी दलित आवासिय विद्यालयको रुपमा संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.३८ :** प्रस्ताव नं.३८ माथि छलफल गर्दा यस बलरा नगरपालिका वडा नं.५ अन्तर्गत रहेको सितलामाई मन्दिर र वडा नं.९ अन्तर्गत रहेका गढीमाई मन्दिरलाई स्थानीय पर्यटकिय क्षेत्रका रुपमा विकास गर्ने निर्णय गरी पारित गरियो ।

**निर्णय नं.३९ :** प्रस्ताव नं.३९ माथि छलफल गर्दा एक पालिका एक प्राविधिक विद्यालय संचालनको लागि शिक्षा मन्त्रलाय, सिंहदरवार, काठमाण्डौ र सि.टि.भि.टी. भक्तपुरमा प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४० : प्रस्ताव नं.४० माथि छलफल गर्दा यस बलरा नगरपालिका अन्तर्गत आङ्गीक कलेज संचालनको लागि त्रि.वि.किर्तिपुर, काठमाण्डौ संग आङ्गीक कलेज संचालनको लागि प्रस्ताव पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४१ : प्रस्ताव नं.४१ माथि छलफल गर्दा यस बलरा नगरपालिकाको सिमाना संग जोडिएको बागमती नदीले कटान गरेको क्षेत्रमा केरा खेती र सोहजन खेतीको लागि कृषि मन्त्रलाय, सिंहदरबार, काठमाण्डौ र मधेश प्रदेश सरकारलाई प्रस्ताव पेश गर्ने निर्णय गरी पारित गरियो ।

निर्णय नं.४२ : प्रस्ताव नं.४२ माथि छलफल गर्दा यस बलरा नगरपालिका अन्तर्गत नगर उज्यालो अभियान अन्तर्गत सोलार लाईट जडानको लागि प्रदेश सरकार, केन्द्र सरकार संग सहकार्य गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४३ : प्रस्ताव नं.४३ माथि छलफल गर्दा यस बलरा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्न सरोकारवाला निकायहरुसंग साझेदारीमा कार्यक्रम संचालन गरी साक्षर बलरा नगरपालिका घोषणा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४४ : प्रस्ताव नं.४४ माथि छलफल गर्दा यस बलरा नगरपालिका अन्तर्गत रहेका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र सम्पुर्ण शैक्षिक संस्थाहरुमा नगरवासिको सहज सुलभ सेवामा पहुचको लागि आउदो दुई वर्षमा डिजिटाईजेशन गरी डिजिटल पालिका घोषणा गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४५ : प्रस्ताव नं. ४५ माथि छलफल गर्दा यस बलरा नगरपालिकाका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा ८ बमोजिम नगर प्रहरी भर्ना गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. -४६ : प्रस्ताव नं. ४६ माथि छलफल गर्दा यस बलरा नगरपालिका अन्तर्गत १५ बेडको होस्पीटल निर्माणको लागि सार्वजनिक, निजि र गुठी तथा संघ संस्थाको नाउमा रहेको जग्गा प्राप्तीका लागि सार्वजनिक रुपमा सूचना अव्हान गरी १५ बेड होस्पीलको लागि जग्गा प्राप्त सम्बन्धमा निर्णय पारित गरियो ।

निर्णय नं.४७ : प्रस्ताव नं.४७ माथि छलफल गर्दा यस बलरा नगरपालिकाको लागि आ.व.२०७९/८० मा स्वीकृत विशेष तथा समपुरक अनुदान को योजना आ.व.२०८०/८१ मा संचालन गर्ने सम्बन्धमा निर्णय गरी पारित गरियो ।